## सुन्दरहरैँचा नगरपालिकाको आन्तरीक आय संकलन पूर्वाधार/ सडक उपयोग शुल्क संकलन सम्बन्धि सूचना।

### प्रथम पटक प्रकाशित सूचना : २०७८ असार १२ गते

यस नगरपालिकाको आ.व. २०७८/०७९ का लागि आन्तरीक आय ठेक्का मार्फत बन्दोबस्त गर्नु पर्ने भएकोले नगर क्षेत्र भित्र नगरपालिकाले निर्माण गरेका सम्पूर्ण सडकहरुमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम सडक उपयोग शुल्क लगाई ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म, कम्पनी र व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र नगर कार्यपालिका कार्यालयको राजश्व उपशाखाबाट रु ३०००।०० (अक्षरेपी रु तीन हजार मात्र) को बोलपत्र फारम खरीद गरी सोको भोलिपल्ट दिनको १२ बजे भित्र तल उल्लेखित रकममा नघटने गरी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ।

| सि. नं. | ठेक्का नम्बर | ठेक्को नाम | क्षेत्र | ठेक्का रकम भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | राजश्व १२/१०१ | सडक उपयोग शुल्क | सुन्दरहरैंचा नगरपालिकाले निर्माण गरेका नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सडकहरू | ३३,०००००।०० |

<u>शर्तहरु</u>

१. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाईने छैन।

२. शुल्क असुलिको दर कार्यालयबाट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ।

३. ठेक्का अबधि सम्झौता भएको मिति देखी २०७९ आषाढ मसान्त सम्म हुनेछ भने आर्थिक बर्षमा घटेको महिना र दिनको आधारबाट तोकिएको ठेक रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन।

४. बोलपत्रदाताले खामको बाहिर पटटी ठेक्काको नाम, ठेकदारको नाम वा फर्म वा कम्पनीको नाम लेखि शिलबन्दि गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ।

६. शिलबन्दि फारम पेश गर्दा व्यक्ति भए नागरीकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त पान नम्बरको प्रतिलीपी, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, सुन्दरहरैंचा नगरपालिका क्षेत्रको फर्म भए यस नगरपालिकाबाट जारी गरीएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नपाली नागरीक भए कबोल अंकको ५ प्रतिशत धरौटी यस नगरपालिकाका कार्यालयको कृषि विकास बैक शाखा कार्यालय विराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दि बोलपत्रमा सम्लग्न गर्नु पर्नेछ।

७. शिलबन्दि बोलपत्र, बोलपत्र दाखिला गर्न दिन दिनको ठिक २ बजे पश्चात खोलिनेछ। तर बोलपत्र खरीद र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिम प्रक्रिया अगाडी बढाईनेछ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. ठेक्का रकम अग्रिम एकमुष्ट बुझाउनु पर्नेछ। अग्रिम रकम नबुझाएमा बैक ग्यारेन्टी अनिवार्य हुनुपर्नेछ। अग्रिम रकम बुझाए बापत कुनै प्रकारको छुट दिने व्यवस्था छैन।

१०. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरीने छैन साथै फर्म तथा कम्पनीको हकमा ठेक्का अबधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन दिनु पर्नेछ। कार्यालयले उपलब्ध गराएको दररेट भन्दा फरक हुने गरी शुल्क असुलि गरेको प्रमाणीत भएमा धरौटी रकम कटटा गरी सम्बन्धितलाई उपलब्ध गराईनेछ भने पटक पटक सोही प्रक्रिया दोहोरयाएमा कानून बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचीमा राखिनेछ।

११. ठेक्कासँग सम्बन्धित रसिद ठेकेदार स्वयंले छपाई कार्यालयबाट प्रमाणीत गरी कर संलन गर्नु पर्नेछ।

१२. बन्द हडताल, भुकम्प, बाढी पहिरो जस्ता प्रकृतिक र मानवीय विपद सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, कम्पनी र फर्मले छुट मागेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईने छैन।

१३. एउटा व्यक्ति, कम्पनी वा फर्मले खरीद गरेको बोलपत्र अर्को व्यक्तिले खरीद गर्न पाउने छैन।

१४. नगरपालिका क्षेत्र भित्र एक स्थानबाट शुल्क काटे पछि सोही दिन सोही सामाग्रि र यात्रुलाई आधार मानी पुन सोही सवारी साधनलाई अर्को स्थानबाट शुल्क काटन पाईने छैन। यो शर्तले नयाँ यात्रु र नयाँ सामाग्रिमा पुन शुल्क लिन बाधा हुने छैन। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम नेपाल सरकारका व्यापारीक नियोग, कुटनैतिक निकाय लगायतका सार्वजनिक सवारी साधान, तथा विद्यालयका गाडीहरु, दुध तथा पानी बोकेका सवारी साधन एवम अत्याबश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, सव बहान, दमकल लगायत) लाई शुल्क लिन पाईने छैन।

१५. भाडामा सवारी साधन खाली गुडेको अबस्थामा शुल्क लिन पाईने छैन।

१६. शुल्क असुलिको दररेट सबैले देख्ने गरी सार्वजनिक स्थानमा राख्नु पर्ने छ।

१७. बोलपत्र फारम तथा सम्झौतामा उल्लेखित शर्तहरु यो सूचनामा उल्लेख भए बमोजिम नै लागू हुनेछ।

१८. यो सूचननामा उल्लेखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून र सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतमा भएका शर्त बमोजिम अन्तिम हुनेछ।